शुद्धोदन गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्या : १ मितिः-२०८१/०९/१९ (अतिरितांक)

भाग – २

शुद्धोदन गाउँपालिका

मानपकड़ी, लुम्बिनी प्रदेश

## ६० वर्ष उमेर पुगेका सामुदायीक महिला स्वास्थ्य स्वयं सेविकाहरूलाई सम्मानजनक विदाइ कार्यक्रमको लागी तयार पारिएको निर्देशिका ,२०८१

सम्बत २०८१ को निर्देशिका नं. १ गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०९/१९

**पृष्ठभूमिः** समुदाय स्तरमा रहि आधारभूत स्वास्थ्य सेवा प्रवाहमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका, स्वास्थ्य सेवा प्रवाहको मेरुदण्डको रूपमा रहेका शुद्धोधन गाउँपालिकाका सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरूले स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि, प्राथमिक उपचार, र समाज सेवामा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका छन्।स्वास्थ्य सम्बन्धि विभिन्न किसिमका आवधिक योजना ताथा दीगो विकास लक्ष्यले अंगिकार गरेका सूचहरूलाई सफलातापूर्वक हासिल गर्नको लागि समेत प्रमुख भूमिकामा रहेका छन् ।६० वर्ष उमेर पुगेपछि उनीहरूलाई सम्मानपूर्वक अवकाश प्रदान गर्ने व्यवस्था गर्नु आवश्यक देखिएको छ।

२. **उद्देश्यः** यो निर्देशिकाको मुख्य उद्देश्य ६० वर्ष उमेर पुगेका स्वयंसेविकाहरूलाई सम्मानपूर्वक अवकाश दिने प्रक्रिया स्पष्ट पार्नु र उनीहरूको लामो सेवा अवधीको सम्मान गर्नु हो।

३. **लागू हुने क्षेत्रः** यो निर्देशिका शुद्धोधन गाउँपालिका अन्तर्गतका सबै वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि लागू हुनेछ।

४. **सम्मानजनक विदाइ हुनको लागि चाहिने योग्यता/समयावधी :**

- ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविका।
- शुद्धोधन गाउँपालिका अन्तर्गत कार्यरत।
- सेवामा अनवरत रूपमा आफ्नो वडाको विभिन्न टोलहरूमा स्वास्थ्य सेवासम्बन्धी कार्यमा योगदान गरेका।

५. **अवकाश प्रक्रियाः**

- उमेर ६० वर्ष पुगेका स्वयंसेविकाहरूको सूची सम्बन्धित स्वास्थ्य संस्थाले तयार गर्ने।
- सम्बन्धित वडाका वडाध्यक्ष तथा संस्था प्रमुखले सेवा विवरण प्रमाणीकरण गर्ने।
- गाउँकार्यपालिकाले अनुमोदन पश्चात अवकाश दिने।

६. **सम्मान स्वरूप रकम प्रदान गर्ने प्रक्रियाः**

- अवकाश दिने बेलामा प्रत्येक स्वयंसेविकालाई रू २०,००० (बीस हजार) सम्मान स्वरूप प्रदान गरिने।जसमा १% मात्र समाजिक सुरक्षा कोष करकट्टी गरिने ।

- सम्मान रकम चेक/बैंक ट्रान्सफर मार्फत प्रदान गरिने।
- रकम प्रदान गर्दा सम्मानपत्र पनि उपलब्ध गराइने।

**८. औपचारिक विदाई कार्यक्रमः**

- स्वयंसेविकाहरूको योगदानलाई सम्मानित गर्न गाउँपालिकामा विशेष विदाई कार्यक्रम आयोजना गर्ने।

**८. कार्यान्वयन जिम्मेवारी :**

- गाउँपालिकाको स्वास्थ्य शाखा यस निर्देशिकाको कार्यान्वयनका लागि जिम्मेवार हुनेछ।
- आवश्यक बजेट व्यवस्थापन गाउँपालिकाको वार्षिक योजना अनुसार गरिनेछ।

**९. समाप्ति प्रावधानः** यो निर्देशिका लागू भएको मितिले कार्यान्वयनमा आउनेछ र भविष्यमा आवश्यक संशोधन गर्ने अधिकार गाउँकार्यपालिकामा निहित रहने छ ।

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :- २०८१/०९/१९

आज्ञाले
विष्णु बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत